**Børnehuset Solsikken का आदरणीय अभिभावकहरू**

24 फेब्रुअरी 2026 मा नगर परिषद्ले Børnehuset Solsikken बन्द गर्ने मुद्दाका सम्बन्धमा अन्तिम निर्णय लिएको छ। **30 अप्रिल 2026** मा Solsikken बन्द हुने सम्बन्धमा नगर परिषद्ले सर्वसम्मत निर्णय लिएको हो।

यसको अर्थ तपाईंको बच्चालाई **1 मे 2026** देखि नयाँ डेकेयर प्लेसमेन्टको आवश्यकता पर्ने छ।

तपाईं अब आफ्नो डिजिटल मेलबक्समा एउटा पत्र प्राप्त गर्नु हुने छ र उक्त पत्रमा तपाईंको बच्चाको लागि नयाँ डेकेयर प्लेसमेन्ट सुरक्षित गर्न के गर्ने भन्ने जानकारी समावेश गरिने छ। तपाईं पत्रसँगै निम्न कुरा प्राप्त गर्नु हुने छ:

- एउटा आवेदन फाराम
- नगरपालिकामा भएका डेकेयर सेन्टरहरूबारे संक्षिप्त जानकारी (ठेगाना, लन्च कार्यक्रम र खुल्ने समय)

अभिभावक मिटिङमा प्रतिज्ञा गरिएअनुसार तपाईं नगरपालिकाको वेबसाइटमा पनि Solsikken बन्द हुने बारेमा सान्दर्भिक जानकारी पाउन सक्नुहुन्छ: यहाँ थिच्नुहोस्

**नयाँ डेकेयर प्लेसमेन्टका लागि तपाईंका प्राथमिकताहरू**

हामी तपाईंको बच्चाको आवश्यकता राम्रोसँग सम्बोधन गर्न सकौँ भन्नाका लागि हामी तपाईंलाई तपाईं आफ्नो बच्चा कुन डेकेयर सेन्टरमा ट्रान्स्फर गर्न चाहनुहुन्छ भन्ने कुराको जानकारी उपलब्ध गराउन अनुरोध गर्न चाहन्छौँ।

तपाईं **तीनवटासम्म डेकेयर सेन्टरहरू छनौट गर्न सक्नुहुन्छ।**
**तपाईं हामीलाई कुनै विशेष परिस्थितिको बारेमा पनि जानकारी गराउन सक्नुहुन्छ। उदाहरणका लागि, तपाईं लन्च खुवाउने वा नखुवाउने कस्तो खालको डेकेयर सेन्टर चाहनुहुन्छ, तपाईं आफ्नो बच्चालाई उनको साथीसँगै ट्रान्सफर गर्न चाहनुहुन्छ वा तपाईं आफ्नो बच्चाको भविष्यको डेकेयर सेन्टर बिहान 06:00 बजेदेखि खुला होस् भन्ने चाहनुहुन्छ।**
**उपरोक्त सम्बन्धमा Bybjerget Daycare Centre ले 1 मे 2026 देखि आफ्नो खुला रहने समय विस्तार गर्ने र बिहान 06.00 बजे खुला रहने निर्णय गरिएको छ।**

प्रशासनले सम्भव भएसम्म सबै अनुरोधहरू पूरा गर्ने प्रयास गर्ने छ। तर त्यसो गर्न सम्भव नभएका खण्डमा हामी तपाईंलाई फोनबाट सम्पर्क गरेर उत्कृष्ट सम्भावित समाधानका बारेमा छलफल गर्ने छौँ।

**समयसीमा र प्रतिक्रिया**

प्रशासनले तपाईंका प्राथमिकताहरू **9 मार्च 2026** सम्ममा प्राप्त गरिसक्नु पर्छ।

तपाईं **मार्च 2026** को अन्त्यसम्ममा नयाँ प्लेसमेन्टको लागि प्रस्ताव प्राप्त गर्नु हुने छ।

यसले गर्दा बालबालिका, अभिभावक र कर्मचारीहरूका लागि महत्त्वपूर्ण परिवर्तन ल्याउँछ भन्ने कुरा हामीले राम्रोसँग बुझेका छौँ। त्यसैले Solsikken को प्रशासन र व्यवस्थापनले नयाँ डेकेयर सेन्टरहरूमा सहज रूपमा ट्रान्सफर गर्नका लागि सक्दो प्रयास गर्ने छ।

तपाईंसँग Gitte ले जवाफ दिन नसक्ने खालका कुनै प्रश्न छन् भने तपाईं कार्यालय दिनमा 09:00–11:00 बजेको बिचमा **30 76 99 19** मा फोन गरेर डेकेयर सेवा विभागमा सम्पर्क गर्न सक्नुहुन्छ।

भवदीय,

**Karen H. Larsen (करेन एच. लार्सन)**
डेकेयर सेवा प्रमुख